साँफेबगर नगरपालिका

# स्थानीय राजपत्र

खण्ड -०४ संख्या -०९ मिति :२०७७/१२/२२

## भाग - ०२

साँफेबगर नगरपालिकाको उर्जा विकास उप-समिति गठन तथा संचालन कार्यविधी, २०७७

आज्ञाले

लक्ष्मी प्रसाद शर्मा

प्रमुख प्रशासकीय अधिकृत

## <u>साँफेबगर नगरपालिकाको उर्जा विकास उप-समिति गठन तथा संचालन कार्यविधी, २०७७</u>

**कार्यपालिकाबाट स्वीकृत मिति : २०७७/१२/२१**

**<u>प्रस्तावना:</u>**

साँफेबगर नगरपालिका क्षेत्र भित्र नवीकरणीय उर्जा सम्बन्धि सम्पूर्ण कार्यलाई व्यवस्थित गरि भविष्यमा देखापर्न सक्ने उर्जा संकटको जोखिम कम गर्न तर्फ नगरवासीको सक्रियता बढाउन समेत नगरक्षेत्रमा क्रियाशील रहने गरि साँफेबगर नगरपालिकामा उर्जा विकास उप-समिति गठन गर्न वाञ्छनीय भएकोले,

"स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ को उपदफा २(ध) र साफेबगर नगरपालिकाको नविकरणीय उर्जा नीति २०७७को नीति १२.१ लाई कार्यान्यन गर्न साँफेबगर नगरपालिका नगर कार्यपालिकाले यो कार्यविधि स्वीकृत गरी लागू गरेको छ ।

## परिच्छेद-१

## <u>नाम र प्रारम्भ</u>

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u>:

१. यो कार्यविधिको नाम "साँफेबगर नगरपालिकाको उर्जा विकास उप-समिति गठन तथा संचालन कार्यविधि, २०७७" रहेको छ।

२. यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत गरि राजपत्रमा प्रकाशन भएको मिति देखि लागू हुनेछ ।

२. **परिभाषा** :विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "उप-समिति"भन्नाले भौतिक पूर्वाधार विकास समिति अन्तर्गत गठित उर्जा विकास उप-समितिलाई सम्झनु पर्छ।

(ख) "ऐन" भन्नाले स्थानीय सरकार संचालन ऐन २०७४ लाई सम्झनु पर्छ ।

(ग) "कार्यपालिका" भन्नालेसाँफेबगर नगर कार्यपालिकालाईसम्झनुपर्छ ।

(घ) "प्रमुख" भन्नाले साँफेबगर नगरपालिकाको नगर प्रमुख सम्झनु पर्छ ।

(ङ) "उप-प्रमुख" भन्नाले साँफेबगर नगरपालिकाको उप-प्रमुख सम्झनु पर्छ।

(च) "कार्यपालिका सदस्य" भन्नाले साँफेबगर नगर कार्यपालिकाका सदस्यलाई सम्झनुपर्छ ।

(छ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले साँफेबगर नगरपालिका नगर कार्यपालिकाको कार्यालयको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

(ज) "सम्बन्धित शाखा" भन्नाले साँफेबगर नगरपालिका नगर कार्यपालिकाको कार्यालयको भौतिक पूर्वाधार विकास शाखालाई सम्झनु पर्छ।

## परिच्छेद- २
## उप-समितिको गठन तथा पदावधी

३. **उप-समितिको गठन:**

१. कार्यपालिका बैठकको निर्णयानुसार भौतिक पूर्वाधार विकास समिति अन्तर्गत नगर क्षेत्रमा क्रियाशील रहने गरि उर्जा विकास उप-समिति गठन गरिनेछ।

२. उपदफा (१) बमोजिम गठित समितिमा देहाय बमोजिमको ५ सदस्यहरु रहनेछन ।

क. कार्यपालिका सदस्य -

ख. भौतिक पूर्वाधार विकास शाखा प्रमुख - संयोजक

ग. नवीकरणीय उर्जा संग सम्बन्धित नगर क्षेत्रमा सक्रिय नागरिक सदस्य

घ. नगर क्षेत्रमा निजि पेशा-व्यावशाय संग सम्बन्धित महिला वा दलित - सदस्य

ङ. पूर्वाधार विकास शाखाको उर्जा क्षेत्र हेर्न तोकिएको कर्मचारी - सदस्य
सचिव सदस्य

३. उप-समितिमा संरक्षकको रुपमा पूर्वाधार विकास समितिको संयोजक र सल्लाहकारको रुपमा प्रमुख प्रशासकीय अधिकृत रहनेछन ।

४. नगर कार्यपालिकाले उप-समितिको पुनर्गठन गर्न आवश्यक ठानेमा बैठकको निर्णयानुसार जुनसुकै बखत गर्न सक्नेछ ।

४. **पदमुक्त हुने अवस्था** :देहायमा उल्लेख भएको अवस्थामा उप-समितिका पदाधिकारीको पदमुक्त भएको मानिनेछ :-

१. पदाधिकारीहरुले दिएको राजिनामा स्वीकृत भएमा : पदाधिकारीहरुले दिएको राजिनामा पूर्वाधार विकास समितिको सिफारिशमा कार्यपालिकाबाट स्वीकृत हुने ।

२. पदाधिकारीको मृत्यु भएमा ।

३. मगज बिग्रिएमा ।

४. कुनै किसिमको फौजदारी अभियोग प्रमाणित भएमा ।

## परिच्छेद -३
## उप-समितिको काम, कर्तव्य र अधिकार

५. नगर कार्यपालिका र पूर्वाधार विकास समितिको प्रत्यक्ष सुपरिवेक्षणमा रही उर्जा विकास उप-समितिकोदेहाय अनुसारको काम कर्तव्य र अधिकार हुनेछ :-

१. नगर कार्यपालिका, पूर्वाधार विकास समिति तथा नगर सभा प्रति उत्तरदायी हुने र उल्लेखित कार्यपालिका, समिति तथा सभाबाट प्राप्त उर्जा विकास सम्बन्धि नीति, निर्देशन तथा सुझावहरुलाई अवलम्बन गर्ने ।
२. आवश्यकता अनुसारको मासिक वा बार्षिक बैठक राख्ने, निर्णयहरु गर्ने र भएका निर्णयहरुलाई कार्यपालिका वा भौतिक पूर्वाधार विकास समितिलाई जानकारी गराई अनुमोदन गराउने ।
३. नवीकरणीय उर्जा र अन्य उर्जा सम्बन्धि आवश्यक ऐन, कानुन, नीति तथा कार्यविधिहरु समानुपातिक तथा समावेशी प्रतिनिधित्वको आधारमा तयार गरि पूर्वाधार विकास समिति तथा कार्यपालिका मार्फत सभाबाट स्वीकृत गराई कार्यान्वयन गर्ने तह समयानुकुल यस्ता नियम तथा कार्यविधिहरुलाई पुनरावलोकन गरि संशोधन गरि पारित गराउने ।
४. समग्र उर्जा विकासको लागि एक उर्जा इकाई स्थापना गरि संस्थागत विकासमा सहयोग गर्ने । इकाईलाई आवश्यक पर्ने जनशक्ति र भौतिक सामाग्रीहरुको लागि नगर कार्यपालिकामा माग गर्ने ।
५. उर्जा सम्बन्धि प्रभावकारी सेवा प्रवाहको लागि नागरिक वडापत्र तयार गर्ने र वडा पत्रमा उल्लेख भएका सबै सेवा बारे नगरबासीलाई सु-सुचित गर्ने ।
६. नवीकरणीय उर्जाको बार्षिक योजना तर्जुमा, कार्यान्वयन र अनुगमनमा महिला दलित तथा सीमान्तकृत वर्ग तथा समुदायलाई प्राथमिकता दिई सहभागिता गराउने ।
७. नवीकरणीय उर्जाका विभिन्न प्रविधिहरुको कार्यान्वयन तथा जडानमा एकल महिला घरधुरी, सीमान्तकृत विपन्न तथा दलित घरधुरीलाई विशेष अनुदानको व्यवस्थाका लागि पूर्वाधार विकास समिति मार्फत कार्यपालिकालाई अनुरोध गर्ने ।
८. नगरपालिकाको उर्जा सम्बन्धि आवधिक, बार्षिक योजना तर्जुमामा नेतृत्वदायी भूमिका निर्वाह गरि नगरपालिकाको उर्जा सम्बन्धि योजना तर्जुमा गरि लागु गर्ने ।साथै यस्ता योजनाहरु वास्तविक र जनमुखी बनाउने तथा समयानुकुल परिमार्जन गर्दै जाने।संघ र प्रदेश स्तरका उर्जा सम्बन्धि योजना तयारीका विभिन्न चरणहरुमा नगरपालिकाको तर्फबाट सक्रिय सहभागिता जनाउने ।
९. उर्जा सम्बन्धि योजनाको परिकल्पना, लक्ष्य, तथा उद्देश्यलाई मध्यनजर राख्दै नगरपालिकाको बार्षिक उर्जा योजना तर्जुमा गर्ने। नवीकरणीय उर्जाको समुदाय स्तर देखि नै सहभागितात्मक पहिचान, माग, संकलन, प्राथमिकीकरण गरि पूर्वाधार विकास समिति मार्फत कार्यपालिका तथा नगर सभाबाट अनुमोदन गराउने ।

१०. नगरपालिकाको बार्षिक, अर्ध-बार्षिक वा मासिक समिक्षा गरि आवश्यकता अनुसार प्रभावकारी कार्यान्वयनका लागि पहल गर्ने । आवश्यकता अनुसारको समिक्षा प्रतिवेदन तयार गरि सम्बन्धित निकाय र सरोकारवालाहरु समक्ष पेश गर्ने ।

११. समुदाय स्तरबाट नगरपालिकामा माग भई आएका उर्जा सम्बन्धि क्रियाकलापहरुको लागि आवश्यक बजेट विनियोजन गर्न पूर्वाधार विकास समिति मार्फत कार्यपालिका सँग अनुरोध गर्ने ।

१२. नगरपालिकाबाट प्राप्त बजेटको उचित व्यवस्थापन गरि उर्जा सम्बन्धि क्रियाकलापको कार्यान्वयन गर्ने, अनुगमन गर्ने तथा प्रभावकारी कार्यान्वयनको लागि उपभोक्ताहरुलाई सुझाव र सल्लाह दिने । आवश्यक परेमा कार्यान्वयन भएका कार्यहरुको गुणस्तर कायम गर्न विषय विज्ञ संग परामर्श लिने ।

१३. नगरपालिकामा गठित अनुगमन समिति तथा आवश्यकता अनुसार तेस्रो पक्षबाट समेत अनुगमन गराउने ।

१४. नगरपालिकामा गठन भई क्रियाशील रहेका अन्य समिति वा उप-समितिहरु संग आपसी सहयोग र समन्वय कायम गर्ने ।

१५. उर्जाका बार्षिक क्रियाकलापहरुको कार्यान्वयनका क्रममा खरिद गरिने वस्तु तथा सेवाका लागि कार्यपालिकाको कार्यालयलाई आवश्यक पर्ने कागजात, प्राविधिक स्पेशिफिकेशन तयारि तथा सेवा प्रदायक समुहको छनौटको लागि सहयोग गर्ने ।

१६. उर्जा विकास तथा कार्यान्वयनका लागि सम्भाव्य सरोकारवालाहरुको पहिचान गरि समन्वय गर्ने तथा आवश्यकता अनुसार बैठक राखी सुझावहरु लिने तथा दिने ।

१७. नगर प्रमुखको सहयोगमा नवीकरणीय उर्जाको विकास तथा प्रबर्द्धनका लागि आन्तरिक तथा बाह्य श्रोतहरुको पहिचान तथा परिचालन गर्ने ।

१८. उर्जा विकासको लागि संघीय सरकार, प्रदेश सरकार, अन्य स्थानीय तहहरु र बाह्य दाताहरुसंग समन्वय तथा सहकार्य गर्ने ।

१९. नवीकरणीय उर्जा सेवा प्रवाहमा अनुदान नीतिलाई अत्यावश्यक क्षेत्र तथा घरपरिवार वाहेक क्रमश: कम गर्दै लैजाने र वित्तीय क्षेत्रको लगानीमा जोड दिने ।

२०. नगरपालिकाबाट घर निर्माण नक्शा पास गर्दा भवन निर्माण आचारसंहितामा उर्जा मैत्री बुंदाहरु थप्न लगाई पूर्वाधार विकास समिति मार्फत कार्यपालिकामा पेश गर्ने ।

२१. उर्जा विकास योजना तयारि, कार्यन्वयन तथा अनुगमनको क्रममा आईपर्ने आवश्यक निर्णयहरु गर्ने र पूर्वाधार विकास समिति मार्फत कार्यपालिकामा पेश गर्ने ।

२२. उर्जा योजना तर्जुमा तथा यसको कार्यान्वयनबाट सम्भावित पर्नसक्ने नकारात्मक प्रभावहरु (वातावरणीय, विपद जोखिम तथा सामाजिक द्वन्द) बारे समयमै सचेत रहने र न्यूनीकरण तथा व्यवस्थापनको उपायहरु अवलम्बन गर्ने ।

२३. उर्जाको उत्पादनमुखी प्रयोगमा जोड दिई उर्जामा आधारित घरेलु तथा साना उद्योग स्थापनामा सहजीकरण गर्ने । उर्जालाई स्थानीय स्तरमा प्रबर्द्धन गरि कृषि उत्पादन बढाई आयात घटाउने तथा रोजगारीको अवसर सिर्जना गर्ने तर्फ उन्मुख रहने ।

२४. नवीकरणीय उर्जा प्रविधिको जडान पश्चात स्थानीय स्तरमै सेवाको सुनिश्चितताको लागि निजि क्षेत्रहरुलाई जडान पश्चातको सेवा संयन्त्रको विकास तथा कार्यान्वयनमा जोड दिने ।

२५. उर्जा सम्बन्धि विभिन्न प्रविधिहरुको सिप तथा ज्ञानका लागि क्षमता अभिबृद्धि (तालिम, गोष्टि. सिकाई भ्रमण, अभिमुखीकरण तथा जनचेतना) योजना तयार गर्ने तथा कार्यान्वयन गर्ने, गराउने ।

२६. उर्जा विकास सम्बन्धि कार्य गर्न विज्ञ आवश्यक परे पूर्वाधार विकास समिति, प्रमुख प्रशासकीय अधिकृत तथा नगर कार्यपालिका मार्फत सेवा खरिद गर्ने व्यवस्था मिलाउने ।

२७. आवश्यकता अनुसार विकास साझेदारहरुसंगको साझेदारीमा उर्जा प्रबर्द्धनको कार्यक्रमलाई प्राथमिकता दिने ।

२८. उप-समितिको बैठक तथा अन्य संचालन खर्चका लागि कार्यपालिकासंग समन्वय गर्ने, भएको खर्चलाई अनुमोदन गर्ने र निकासाको लागि प्रमुख प्रशासकीय अधिकृत संग समन्वय गर्ने ।

२९. उप-समितिका संयोजकले उप-समितिका सम्पूर्ण पदाधिकारीहरुको नेतृत्व गर्नेछन भने अन्य सदस्यहरुले संयोजकलाई सहयोग गर्नु सदस्यहरुको जिम्मेवारी रहनेछ । उर्जा सम्बन्धि सबै कार्यमा संरक्षक तथा सल्लाहकारको सुझाव लिन सकिनेछ ।

६. **कार्यविवरण :** उर्जा विकास उप-समितिको काम, कर्तव्य र अधिकारमा आधारित आफ्नो छुट्टै कार्यविवरण हुनेछ र उक्त कार्यविवरण पूर्वाधार विकास समितिको सिफारिसमा कार्यपालिकाबाट अनुमोदन गरिनेछ । अनुमोदित कार्यविवरणको मुलमर्मलाई केन्द्रविन्दुमा राखी उप-समितिका पदाधिकारीहरुले आफ्नो पद अनुसार सम्पादन गर्ने कार्य विवरण तयार गरि संयोजकबाट स्वीकृत गराउनु पर्दछ र स्वीकृत कार्य विवरणका आधारमा तोकिएको कार्य सम्पादन गर्नु, गराउनु उप-समितिका प्रत्येक सदस्यहरुको कर्तब्य र जिम्मेवारी हुनेछ ।

७. **कार्य सम्पादनका आधारहरु :** उप-समितिले कार्य सम्पादन गर्दा नेपालको संबिधान र अन्य प्रचलित कानुनमा व्यवस्था भएका कुराहरुको अतिरिक्त देहाए बमोजिम गर्नुपर्नेछ ।

क.साँफेबगर नगरपालिकाको र नगरबासीको बृहत्तर हित ।

ख.समन्वय सहकार्य र समावेशीकरण ।

ग.कानुनको शासन ।

घ.पारदर्शिता, जवाफदेहिता तथा ईमान्दारिता ।

ङ.आर्थिक अनुशासन एबम भ्रष्टाचारमुक्त चुस्त र जनमुखी कार्य ।

च.निर्णय प्रक्रिया तथा सुचनामा सर्वसाधारणको पहुँच ।

छ.जान सहभागिता तथा स्थानीय श्रोतको अधिकतम उपयोग ।

८. **निश्चित समयावधि भित्र निर्णय गर्नुपर्ने :** यस कार्यविधि अन्तर्गतको उप-समितिको निर्णय गर्ने अधिकार प्राप्त अधिकारीले कुनै बिषयमा निर्णय गर्दा प्रचलित कानुन बमोजिम कुनै निश्चित अवधि भित्र निर्णय गर्नुपर्ने भनि तोकिएमा सोहि समयावधि भित्र र त्यस्तो व्यवस्था नभएमा निर्णय गर्नुपर्नेविषयको प्रकृति हेरी निर्णय गर्न पाउने अधिकारीले उपयुक्त ठहराएको समयावधि भित्र निर्णय गर्नुपर्नेछ ।

९. **निर्णय गर्दा पारदर्शिता कायम गर्नुपर्ने :** यस कार्यविधि वा अन्य प्रचलित कानुन बमोजिम निर्णय गर्न पाउने अधिकारीले कुनै बिषयमा निर्णय गर्दा पारदर्शी ढंगबाट निर्णय गर्नुपर्नेछ र उक्त निर्णय गर्नुपर्ने विषयमा आफ्ना मातहतका सदस्यहरुको राय तथा परामर्शमा गर्नुपर्नेछ ।उप-समितिको बैठकबात सिफारिस भई कार्यपालिकाबाट अनुमोदन भएका निर्णयहरु सार्वजनिक गर्नुपर्नेछ ।

१०. **निर्णय गर्दा आधार र कारण खुलाउनु पर्ने :** प्रचलित कानुन बमोजिम निर्णय गर्दा सम्बन्धित पदाधिकारीले गरेको निर्णय कुन-कुन कुरामा आधारित छ र त्यस्तो निर्णय किन गर्नु परेको हो सोको स्पष्ट आधार र कारण खुलाई निर्णय गर्नुपर्नेछ ।

११. **सार्वजनिक चासोको विषयमा निर्णय गर्ने :** उप-समितिले सार्वजनिक चासोको कुनै विषयमा निर्णय गर्नु अघि सरोकारवाला तथा नागरिक समाजसंग आवश्यक परामर्श गर्न सक्नेछ साथै उक्त प्रस्तावित निर्णय पश्चातको सकारात्मक र नकारात्मक पक्षहरुको समग्र विश्लेषण गरि त्यसबाट प्राप हुनसक्ने सम्भावित प्रभावको मुल्यांकन समेत गर्नुपर्नेछ ।

१२. **आफ्नो जिम्मेवारी पन्छाउन नहुने :** कानुन बमोजिम कार्यसम्पादन गर्नुपर्ने समितिका सदस्यहरुले आफुलाई सुम्पिएको वा कानुन बमोजिम आफुले सम्पादन गर्नुपर्ने काम निर्धारित शर्त तथा निर्धारित अवधि भित्र सम्पादन गर्नुपर्नेछ ।

## परिच्छेद -४

## आर्थिक कार्यप्रणाली तथा जिम्मेवारी

१३. **बजेट तथा कार्यक्रम तर्जुमा :** समितिले आगामी आर्थिक बर्षमा गर्नुपर्ने कामकाज तथा कार्यक्रमको निमित्त तोकिए बमोजिम बजेट तयार गर्ने गराउने उत्तरदायित्व संयोजकको हुनेछ साथै उक्त बजेट तर्जुमा गर्दा विकास साझेदार र अन्तराष्ट्रिय संघ संस्थाबाट अनुदान स्वरूप प्राप्त हुने नगदी वा जिन्सी सहायतालाई बजेटमा समाबेश गर्नु गराउनु पर्नेछ । बजेट तर्जुमा

गर्दा उर्जा विकास उप-समितिको लागि एक आर्थिक बर्षको लागि एकमुष्ट दैनिक कार्य संचालन , बैठक संचालन खर्च र अनुगमन तथा मुल्यांकन बजेट तर्जुमा गरि पूर्वाधार विकास समिति मार्फत कार्यपालिकामा स्वीकृतिको लागि पेश गर्नु पर्नेछ ।

१४. **सेवा-सुविधा :**नगर कार्यपालिकाबाट अनुमोदन गराएको अवस्थामा उर्जा विकास उप-समितिका पदाधिकारीहरुलाई बैठकमा सहभागी हुँदा बैठक भत्ता उपलब्ध गराईने छ ।

१५. कारोबारको लेखा :समितिको सम्पूर्ण कारोबारको लेखा प्रणाली प्रचलित कानुन बमोजिमको हुनेछ ।

१६. **आर्थिक हिनामिना तथा अनियमितता गर्न नहुने :** समितिका कुनै पनि सदस्यले जानीजानी वा गलत मनसाय राखेर समितिमा कुनै प्रकारको हानि नोक्सानी पुर्याउन वा आर्थिक हिनामिना गर्न वा अनियमितता गर्न गराउन हुदैन त्यस्तो पाईएमा प्रचलित कानुन बमोजिम कारबाही हुनेछ ।

१७. जोखिम व्यवस्थापन : समितिले रकम लगानी तथा त्यसमा रहेको जोखिम समेतलाई विश्लेषण गरि जोखिम व्यवस्थापन कार्ययोजना तयार गर्नुपर्नेछ ।

## परिच्छेद -५

## विविध

१८. **उच्च नैतिकता तथा व्यवसायिकता कायम गर्नुपर्नेः** समितिले सदस्यहरुको कामकारबाहीलाई पारदर्शी बनाउन तथा कामकारबाही उच्च व्यावसायिकता कायम राख्नका लागि आचार संहिता बनाई लागु गर्नेछ ।

१९. **आचारसंहिता लागु हुने** ःउर्जा विकास उप-समितिका पदाधिकारीहरुलाई बैठक हुनु भन्दा कम्तिमा ४८ घण्टा अगावै जानकारी गराई उपस्थितिको सुनिश्चितता गर्नुपर्नेछ ।कुनै पनि पदाधिकारी आफ्नो पदीय दायित्व मर्म अनुरुप प्रत्येक बैठकमा मुनासिब कारण सहितको अवस्था बाहेक अनिवार्य सहभागी हुनुपर्नेछ ।उप-समितिको कुनै पनि पदाधिकारी विना सुचना लगातार बढीमा ३ पटक सम्म बैठकमा अनुपस्थित भएमा स्वत खारेजीमा परेको मानिनेछ । उर्जा विकास उप-समितिको सम्पूर्ण पदाधिकारीले आचारसंहिता पुर्णरुपमा पालना गर्नुपर्नेछ

२०. **समय पालना र नियमितताः** उप-समितिका सम्पूर्ण सदस्यहरुले निर्धारित समयमा नियमित रुपले कार्यलाई तिब्र रुपमा अगाडी बढाउनु पर्नेछ र उप-समितिको आवश्यकता तथा संयोजकको निर्देशन अनुसार बैठकमा बस्नु पर्नेछ ।

२१. **खारेजी र बचाउ ः** नेपाल सरकार, प्रदेश सरकार तथा साँफेबगर नगरपालिकाको कुनै पनि कानुन संग यो कार्यविधिको कुनै दफा/ उपदफा बाझिन गएमा बाझिएको हद सम्म स्वतः बदर भएको मानिनेछ ।

**प्रमाणिकरण गर्नेको नाम : श्री लक्ष्मी प्रसाद शर्मा**
**,, ,, पद : प्रमुख प्रशासकीय अधिकृत**
**,, मिति : २०७७/१२/२२**